धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ११ ◆ २०८३ साउन ११ गते सोमबार, Monday, July 27, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## क्याम्पस भवन उद्घाटन

काठमाडौं । डोटीको बडिकेदार गाउँपालिकामा रहेको केदार सूर्य बहुमुखी क्याम्पस भवन आइतबार उद्घाटन गरिएको छ ।

बडिकेदार गाउँपालिकाका अध्यक्ष भैरवबहादुर साउद र नेपालस्थित भारतीय राजदूतावासका प्रथम सचिव वशिष्ट नन्दनले संयुक्त रूपमा सो भवनको उद्घाटन गर्नुभएको हो ।

प्रत्येक तलामा सातवटा कोठा र अन्य सुविधा उपलब्ध गराइएको दुईतले क्याम्पस भवनको निर्माण उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा गरिएको दूतावासले जनाएको छ ।

क्याम्पसमा ब्याचलर अफ एजुकेसन (बिएड) र ब्याचलर अफ बिजनेस स्टडिज (बिबीएस) कार्यक्रम सञ्चालनमा छ। उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रमअन्तर्गत डोटीमा चार परियोजनासहित ४७ वटा परियोजना सुदूरपश्चिम प्रदेशमा सञ्चालित छ ।

## देशभर विपद्का ४१ घटना, २३ लाखबराबरको क्षति

काठमाडौं । पछिल्लो २४ घण्टामा देशभर ४१ वटा विपद्का घटना घटेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपदबाट ३७ जिल्ला प्रभावित भएका छन् । विपदबाट कुल रु २३ लाख २३ हजार बराबरको क्षति भएको छ ।

विपद्मा परेर तीन जनाको निधन भएको छ भने १९ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार साउन ९ गते बिहानदेखि १० गते बिहानसम्म सबैभन्दा बढी सर्पदंशका घटना भएका छन् ।

विवरणअनुसार सर्पदंश १२, पहिरो ११, बाढी दुई, अविरल वर्षा चार, आगलगी छ र जनावर आक्रमणका दुई घटना भएका छन् । विपद्मा परेकालाई उद्धारका लागि कुल १७५ प्रहरी परिचालन भएका छन् ।

## दलित आधारभूत विद्यालयलाई सात थान पंखा सहयोग

वीरगन्ज । पर्साको सखुवा प्रसौनी गाउँपालिका-५ महुवनस्थित दलित आधारभूत विद्यालयलाई सात थान पङ्खा सहयोग गरिएको छ। सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत रोट्र्याक्ट क्लब अफ वीरगन्ज मेट्रोपोलिसले विद्यार्थीलाई सहज, सुरक्षित र अनुकूल शैक्षिक वातावरण उपलब्ध गराउने उद्देश्यले आइतबार पङ्खा सहयोग गरेको हो ।

रोट्र्याक्ट क्लब अफ वीरगन्ज मेट्रोपोलिसका अध्यक्ष रामविनय यादवले सहयोग हस्तान्तर गर्दै गर्मीको समयमा पङ्खा प्रदान गर्नुले विद्यार्थीको अध्ययन-अध्यापनका लागि थप सहज र अनुकूल वातावरण सृजना हुने विश्वास व्यक्त गर्नुभयो ।

सो विद्यालयमा प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्म २२३ जना विद्यार्थी अध्ययनरत छन् । यो विद्यालय विशेषगरी महुवन क्षेत्रका पिछडिएका र दलित बस्तीका बालबालिकालाई लक्षित गरी स्थापना गरिएको हो ।

## प्रश्नपत्र सार्वजनिक गर्ने व्यक्ति पक्राउ परे

काठमाडौं । त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायतर्फ एमबिएस प्रथम सेमेस्टरको 'अर्गनाइजेशनल बिहेवियर' विषयको प्रश्नपत्र सार्वजनिक गर्ने व्यक्ति पक्राउ परेका छन् ।

यही साउन ८ गते परीक्षा सुरु भएलगत्तै उक्त विषयको प्रश्नपत्र विभिन्न ह्वाट्सप समूमा सेयर गरी प्रश्न पत्रको गोपनियता भङ्ग गरेको कसुरमा कैलालीको घोडाघोडी नगरपालिका-११ घर भई हाल भक्तपुर बस्ने ३३ वर्षीय सन्दीप सिंह पक्राउ परेका हुन् । केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले सिंहलाई भक्तपुरको मध्यपुरथिमी नगरपालिका-१ बाट पक्राउ गरेको हो । उनीमाथि अनुसन्धान जारी रहेको ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक अनुपम शम्शेर जबराले जानकारी दिनुभयो । त्यसअघि प्रहरीले अनुसन्धानका क्रममा अन्य केही व्यक्तिलाई समेत नियन्त्रणमा लिएको थियो ।

एमबिएस प्रथम सेमेस्टरको अन्य विषयका परीक्षा बाँकी नै रहेका अवस्थामा उक्त परीक्षामा गैरकानुनी क्रियाकलाप नगर्न ब्युरोले सचेत गराएको छ ।

## बाढीपहिरोका कारण विभिन्न राजमार्ग प्रभावित

काठमाडौं । बाढीपहिरो र कटानका कारण देशका विभिन्न प्रमुख राजमार्ग तथा सडकखण्ड अवरुद्ध भएका छन् ।

नेपाल प्रहरीका अनुसार आइतबार बिहान ५:०० बजेसम्म काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा राति सवारी सञ्चालनमा लगाइए प्रतिबन्ध जारी छ । सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबेंसी सडकखण्डमा बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारी साधन सञ्चालनमा रोक लगाइएको छ ।

यसैगरी, कान्ति लोकपथमा पनि वर्षायामका कारण अर्को सूचना नभएसम्म बेलुका ५:०० देखि बिहान ५ बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा हिलो थुप्रिएपछि उक्त सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जिरोकिलो तथा वडा नं २ कोदारीस्थित अरनिको राजमार्गमा पहिरो खसेकाले सो खण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ। लामासाँघु-रामेछाप राजमार्गको केही भाग सामाकोशी खोलाले कटान गरेपछि यातायात सेवा अवरुद्ध भएको छ ।

# उपत्यकामा डिडिसीका ३० आउटलेट सञ्चालनमा आउँदै

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । दुग्ध विकास संस्थान (डिडिसी)ले आफ्ना उत्पादन सहजै उपभोक्तामाझ पुर्याउने उद्देश्यले यही साउन महिनाभित्र काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ३० 'आउटलेट' सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

उपभोक्ताको आवश्यकता र मागलाई ध्यानमा राखेर सेवा विस्तार गरिरहेको डिडिसीले नयाँ अवधारणा तथा मोडेलमा सेवा प्रवाह गर्ने तयारी थालेको हो । काठमाडौंको बूढानीलकण्ठ, बनस्थली, कलङ्की, कोटेश्वर, नयाँ बानेश्वर लगायत क्षेत्रमा नयाँ आउटलेट सञ्चालनमा ल्याउने तयारी भइरहेको डिडिसीका महाप्रबन्धक डा शरणकुमार पाण्डेले राससलाई जानकारी दिनुभयो ।



यसैबीच, डिडिसीले ऐतिहासिक तथा पर्यटकीय क्षेत्र वसन्तपुर डबलीमा आजदेखि नयाँ सजावटसहितको 'आउटलेट' सञ्चालन मा ल्याएको छ । उक्त आउटलेटको महाप्रबन्धक पाण्डेले उद्घाटन गर्नुभयो। आन्तरिक तथा बाह्य पर्यटकको उच्च आवतजावत हुने वसन्तपुर क्षेत्रलाई लक्षित गर्दै स्थापना गरिएको यो आउटलेटबाट उपभोक्ताले डिडिसीका गुणस्तरीय दूध तथा दुग्धजन्य उत्पादन सहजै प्राप्त गर्न सक्नेछन् । डिडिसीका उत्पादनप्रति उपभोक्ताको आकर्षण निरन्तर बढिरहेको छ ।

डिडिसीले साधारण र गाईको दूध, दही, मही, पनिर, घ्यू, आइसक्रिम, रसबरी, फ्रेस दूधलगायत दुग्धजन्य उत्पादन बिक्री गर्दै आएको छ। निकट भविष्यमा उपत्यका बाहिरका प्रमुख सहरमा पनि नयाँ आउटलेट सञ्चालन गर्ने लक्ष्य रहेको महाप्रबन्धक पाण्डेको भनाइ छ । डिडिसीले आफ्ना उत्पादनलाई अनलाइन माध्यमबाट पनि बिक्रीवितरण गर्ने योजना अघि सारेको छ । केही दिनभित्र अनलाइन मार्केटिङ सुरु हुने महाप्रबन्धक पाण्डेले जानकारी दिनुभयो । "हामी अनलाइन डिजिटल मार्केटिङमा जादैछौं, 'सब्सक्रिप्सन' गरेका भरमा अनलाइनबाट डिडिसीका उत्पादन पाउन सकिन्छ, यो सेवा दुई/चार दिनमा सुरु हुन्छ", उहाँले भन्नुभयो, ।

"सहज ढङ्गबाट डिडिसीको उत्पादन उपभोक्ताको घरमै पुऱ्याउने उद्देश्यका साथ काम भइरहेको छ ।"

# जमुनाह नाकामा बीआइटी टोली परिचालन

❑ *प्रत्यूष समाचारदाता*

नेपालगन्ज । भारतसँग सीमा जोडिएको नेपालगन्जस्थित बाँकेको जमुनाह सीमा नाकामा आइतबारदेखि सशस्त्र प्रहरी बलको बोर्डर इन्ट्याक्सन (बीआइटी) टोली परिचालन गरिएको छ ।

सीमामा आवतजावतलाई सहज बनाउन, मानव बेचबिखन नियन्त्रण गर्न तथा लागूऔषध र अवैध सामान ओसारपसार रोक्ने उद्देश्यले सशस्त्र प्रहरी बल प्रधान कार्यालयको निर्देशनमा उक्त विशेष टोली परिचालन गरिएको हो । देशका प्रमुख सीमा नाकाहरूमा परिचालन गरिएको बीआइटी टोली प्रत्येक स्थानमा सशस्त्र प्रहरी नायब निरीक्षकको नेतृत्वमा १४ सदस्यीय रहने व्यवस्था गरिएको सशस्त्र प्रहरी बल नेपाल नं ३० गण बागेश्वरीले जनाएको छ । सो टोली बिहान ६ बजेदेखि साँझ ८ बजेसम्म सशस्त्र प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको बीआइटीको आधिकारिक पोशाकमा खटिनेछ । प्रत्येक सिफ्टमा एक महिला सशस्त्र प्रहरी कर्मचारी समेत खटिने व्यवस्था गरिएको छ । जमुनाह नाकामा आज आयोजित कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं ३० गण बागेश्वरी बाँकेका प्रमुख प्रहरी उपरीक्षक भीमबहादुर चन्द, सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन बिष्ट, सीमा सुरक्षा गुल्म जमुनाहका प्रमुख प्रहरी नायब उपरीक्षक तीर्थ न्यौपाने तथा बिओपी जयसपुरका शसस्त्र प्रहरी निरीक्षक हिमाल केसीको उपस्थितिमा बीआइटी टोलीले औपचारिक रूपमा जिम्मेवारी सम्हालेको हो । बीआइटी टोलीको मुख्य जिम्मेवारी सीमा क्षेत्रमा आवतजावत गर्ने सर्वसाधारण लाई सहज सेवा उपलब्ध गराउनुका साथै मानव बेचबिखन तथा ओसारपसारका घटनाको रोकथाम, उद्धार र सूचना सङ्कलन गर्नु हो । साथै, प्रतिबन्धित लागूऔषध, अवैध सामान तस्करी तथा अन्य सीमा अपराधमाथि निगरानी बढाई आवश्यक कारबाहीमा सहयोग गर्ने जिम्मेवारी पनि टोलीलाई दिइएको सशस्त्र प्रहरी बल नेपाल नं ३० गण बागेश्वरी बाँकेका शसस्त्र प्रहरी उपरीक्षक चन्दले जानकारी दिनुभयो । बीआइटी टोली परिचालन सीमा नाकामा आवश्यक थियो, अब टोली परिचालनपछि सीमा नाकामा हुने हरेक गतिविधिमाथि निगरानी गर्न सजिलो हुनेछ", शसस्त्र प्रहरी उपरीक्षक चन्दले भन्नुभयो, "यसबाट अन्तरराष्ट्रिय नाकामा हुने गरेको अवैध गतिविधिमाथि नियन्त्रण गर्न सकिने छ ।"

# अवैध लागुऔषधसहित विभिन्न स्थानबाट २७ जना पक्राउ

काठमाडौं । प्रहरीले अवैध लागुऔषधसहित मुलुकका विभिन्न स्थानबाट २७ जनालाई पक्राउ गरेको छ । प्रहरीले शनिबार र आइतबार काठमाडौं, झापा, मोरङ, सिराहा, बर्दिया, कञ्चनपुर, कैलाली, नवलपरासी ( पश्चिम), कास्की, बाँके र सुर्खेतबाट गरी २७ जनालाई पक्राउ गरेको हो ।

काठमाडौंको गोकर्णेश्वर नगरपालिका-१ सुन्दरीजलबाट अवैध लागुऔषध गाँजा करिब ३० किलोसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

साथै प्रहरीले पक्राउ परेकाहरूले प्रयोग गरेको बा८३ प ४३७७ नम्बरको मोटरसाइकलसमेत बरामद गरेको छ ।

त्यस्तै, झापाको मेचीनगर नगरपालिका-६ बाट एक, भद्रपुर नगर-पालिका-५ बाट एक, मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट एक, बिर्तामोड नगरपालिका-१ बाट दुई जना पक्राउ परेका नेपाल प्रहरीको प्रधान कार्यालयले जनाएको छ । मोरङको कानेपोखरी गाउँपालिका-२ बाट एक र रतुवामाई नगरपालिका-८ कुखेरोडाँडाबाट एक, सिराहाको धनगढीमाई नगरपालिका-१० जिरोमाईलबाट एक, बर्दियाको गुलरिया नगरपालिका-११ गणेशपुर गाउँबाट दुई र गुलरिया नगरपालिका-११ बाट एक, कञ्चनपुरको बेदकोट नगरपालिका-८ गैलनदीबाट अवैध लागुऔषध चरेस जस्तो देखिने पदार्थसहित एक जना पक्राउ परेका छन् ।

त्यस्तै, कैलालीको धनगढी उपमहानगरपालिका-७ मनेहरा चोकबाट दुई, गोदावरी नगरपालिका-१ महेन्द्रनगर रोडबाट एक, धनगढी उपमहानगरपालिका-७ मोतिचोक बाट एक, लम्कीचुहा नगरपालिका-७ खरौलाबाट एक जना पक्राउ परेका प्रहरीले जनाएको छ । नवलपरासी पश्चिमको पाल्हीनन्दन गाउँपालिका-५ गेर्मीबाट नियन्त्रित लागुऔषध डाइजेपाम १९८ एम्पुल, फेनारगन १९७ एम्पुल र बुप्रेनोर्फिन १९९ एम्पुलसहित भारत उत्तर प्रदेश महाराजगञ्ज बरगदवा पिपरा बस्ने ३३ वर्षीय सबरे आलमसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको युपी ५६ एक्स १२१० नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

कास्कीको पोखरा महानगरपालिका-१७ छोरेपाटनबाट दुई, बाँकेको नेपालगन्ज उपमहानगरपालिका-१५ बाट एक र सुर्खेतको भेरीगङ्गा नगरपालिका-१२ राजीगाउँबाट तीन जनालाई इलाका प्रहरी कार्यालय छिन्चुबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

सम्पादकीय ....

## स्वस्थ्यतिर ध्यान दिनुपर्ने

समाजका धेरै पक्षलाई प्रभाव पारिरहेको मानसिक स्वास्थ्य समस्या बढ्दो अवस्थामा रहेको तर कम चर्चा भइरहेको विषय हो । विश्वमा हरेक वर्ष आठ लाख अर्थात् हरेक ४० सेकेन्डमा एक जनाले आत्महत्या गर्छन् भने नेपालमा दैनिक २० जनाले । एउटा आत्महत्याको घटनाले प्रत्यक्ष रूपमा छ जना मानिसलाई प्रभावित पार्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार मानसिक स्वास्थ्य र लागुऔषध दुर्व्यसनका कारण विश्वमा पाँचमध्ये एक अपाङ्गतासहितको जीवन बाँच्न बाध्य छन् । नेपालमा पुरुषको तुलनामा महिलामा मानसिक समस्या दोब्बर देखिन्छ । तथापि रोग पत्ता लगाउने र उपचार सुविधामा महिलाको पहुँच कम छ । आर्थिक, सामाजिक, पारिवारिक वा स्वास्थ्यसम्बन्धी समस्या बाहिरबाट स्पष्ट देखिने समस्या हुन् । छोटो समय र सकारात्मक तनावले व्यक्तिलाई कार्यमा सक्रिय हुन प्रेरित गर्छ तर लामो समय रहे व्यक्तित्व तथा मानसिक एवं शारीरिक स्वास्थ्यलाई ध्वस्त पार्न सक्छ ।

जोन मिल्टनले भनेका छन्, "मस्तिष्क त्यस्तो चिज हो जसले नर्कलाई स्वर्ग र स्वर्गलाई नर्क बनाउन सक्छ ।" महान् नाटककार सेक्सपियर कुनै पनि चिज वा घटना आफैंमा असल वा खराब नभए पनि मानिसको सोचले घटना विशेषलाई असल वा खराब बनाउँछ भन्छन् । जस्तै मृत्युमा छरछिमेकले चिन्तामा परेको सोच्छन् भने पक्षाघातले पीडितको मृत्युमा परिवार तनावमुक्त बनेको हुन सक्छ ।

१५ प्रतिशत पारिवारिक कलह, ७.५ गरिबी, पाँच प्रतिशत प्रेममा धोका, ३.७ प्रतिशत व्यावसायिक तनाव, २.५ प्रतिशत असफलता, दुई प्रतिशत आर्थिक लेनदेन, १३ प्रतिशत सामाजिक सञ्जाल, २४ प्रतिशत आवेगमा, १५ प्रतिशत नैराश्यता, मानसिक दीर्घरोग र २४ प्रतिशत कारण नखुलेको आत्महत्या दर्ता भएका छन् । नेपालमा हुने आत्महत्यामा ९० प्रतिशत मानसिक रोगी भएको र ८७ प्रतिशत जनसङ्ख्यामा आत्महत्याको सम्भावना रहने विशेषज्ञ बताउँछन् ।

आत्महत्या गाउँको तुलनामा सहरमा बढी हुन्छ किनभने सहरिया जीवन व्यक्तिवादी, अन्तर्मुखी, आत्मकेन्द्रित र हामी भन्ने भावना नहुनु हो । विधवा र विदुर विवाहितका तुलनामा बढी आत्महत्या गर्दछन् । एकान्त जीवन, अन्तर्मुखी, हीनताबोधी व्यक्ति समाजबाट टाढा रहने, घुलमिल नहुनेले आत्महत्याको सहारा लिन्छन् । ठुलो सामाजिक, आर्थिक वा राजनीतिक परिवर्तनबाट गुज्रेको समाजमा आत्महत्याको प्रकोप बढ्छ । बढी धूमपान, मद्यपान र नसालु पदार्थको सेवन गर्ने समाजमा पनि आत्महत्या बढी हुन्छ । दलित, पिछडिएका तथा सामाजिक र भौगोलिक रूपमा उपेक्षित समुदायमा कुलत बढी छ र त्यहाँ आत्महत्या दर बढी छ । आत्महत्या मानसिक स्वास्थ्यसँग जोडिएको विषय भए पनि हाल राज्यको सामाजिक सुरक्षा नीतिसँग जोडिएको बढ्दो छ । विश्व स्वास्थ्य सङ्गठनको कार्यस्थलमा मानसिक स्वास्थ्य निर्देशिका जारी छ । मानसिक स्वास्थ्यका लागि जोखिमका प्रमुख कारकमा कार्यस्थलमा महसुस हुने भेदभाव र असमानता, अत्यधिक कामको बोझ, जागिरको असुरक्षा र काम गर्ने वातावरण पर्दछन् । विश्वभर फैलिएको जटिल मानसिक स्वास्थ्य समस्याका कारण हरेक वर्ष एक खर्ब अमेरिकी डलर बराबरको उत्पादकत्व समेत घट्दै गएको छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सुरको साधनामा प्रमेन्द्र महर्जनको सात दशक

*वासुदेव पौडेल*

हेटौँडाको हरिकुञ्ज रोडमा एउटा घर छ, जहाँ बिहान-साँझ सङ्गीतका स्वरहरू गुञ्जिरहन्छन् । त्यही घरमा भेटिन्छन्, वरिष्ठ सङ्गीतकार प्रमेन्द्र महर्जन । उमेरले ७० वर्ष नाघिसकेको भए पनि उहाँको उत्साह, ऊर्जा र सङ्गीतप्रतिको समर्पण भने आज पनि युवा कलाकारको जत्तिकै जीवन्त देखिन्छ ।

हेटौँडामा सङ्गीत सिक्न चाहने धेरै पुस्ताका लागि महर्जन केवल एक सङ्गीतकार होइन, एक गुरु, मार्गदर्शक र प्रेरणाका स्रोत पनि हुनुहुन्छ । पाँच दशकभन्दा लामो साङ्गीतिक यात्रामा उहाँले सयौँ कलाकार जन्माउनुभयो, करिब २५० गीतमा सङ्गीत दिनुभयो र मकवानपुरको साङ्गीतिक इतिहासमा आफ्नै छुट्टै पहिचान निर्माण गर्नुभयो ।

महर्जनको पुर्खौली घर काठमाडौँको कीर्तिपुरस्थित पाँगा हो । तर, कामको सिलसिलामा उहाँका बुवा हेटौँडा बसाइँ सरेपछि उहाँको बाल्यकाल यहीँ बित्यो । बुवा धनबहादुर महर्जन विभिन्न नाटकमा अभिनय गर्नुहुन्थ्यो भने आमा नानीमायाले छोराको सङ्गीतप्रतिको रुचिलाई निरन्तर प्रोत्साहन दिनुभयो । यही पारिवारिक वातावरणले बालक प्रमेन्द्रलाई सङ्गीततर्फ डोऱ्यायो ।

उहाँले साङ्गीत यात्रा २०२६ सालमा भुटनदेवी माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित सांस्कृतिक कार्यक्रमबाट सुरु भएको थियो । उहाँले तत्कालीन समयमा हार्मोनियम वादकका रूपमा सांस्कृतिक कार्यक्रममा सहभागी हुनुभएको थियो ।

महर्जन आफ्नो सफलताको श्रेय आमालाई दिनुहुन्छ । "आमाले पैसा खर्च गरेर पनि मलाई विभिन्न मेला-महोत्सवमा लैजानुहुन्थ्यो, त्यही वातावरणले सिक्ने अवसर दियो, आज सङ्गीत क्षेत्रमा केही गर्न सक्नुको आधार नै त्यही प्रेरणा हो", उहाँ सम्झनुहुन्छ । त्यतिवेला सङ्गीतका सामग्री निकै महँगा थिए । तर, आमाले आवश्यक वाद्ययन्त्र किनिदिन कहिल्यै पछि हट्नुभएन ।

उहाँको घरमा त्यसबेला नवकला कुञ्जको कार्यालय भाडामा बसेको थियो । कलाकारहरूको जमघट, नियमित पूर्वाभ्यास र सङ्गीतमय वातावरणले उहाँको रुचिलाई अझ गहिरो बनायो । साथै, तत्कालीन हेटौँडामा बसोबास गर्ने उस्ताद भोला जोशीसँगको सङ्गतले पनि उहाँको साङ्गीतिक ज्ञान विस्तार गऱ्यो ।

महर्जनले आधुनिक, सुगम, लोकलयमा आधारित, भक्ति, राष्ट्रिय तथा जनवादी गरी करिब २५० गीतमा सङ्गीत भर्नुभएको छ । उहाँले पहिलोपटक गीतकार नरहरिनन्द खरेलको रचना तथा उत्तम खरेलको स्वर रहेको 'हे दूर गगनका ताराहरू' गीतमा सङ्गीत दिनुभएको थियो ।

त्यसपछि उहाँको सङ्गीत यात्रा निरन्तर अघि बढ्दै गयो । विभिन्न राष्ट्रिय पर्व, मेला, महोत्सव तथा सांस्कृतिक कार्यक्रममा उहाँले सङ्गीत संयोजन गर्नुभयो ।

उहाँले नारायण गोपाल, अरुण थापा, दीपक जङ्गम, सुनिता सुब्बा, हिरण्य भोजपुरे, पेमा छिरिङलगायत चर्चित स्रष्टासँग प्रत्यक्ष सहकार्य गर्ने अवसर पनि प्राप्त गर्नुभयो ।

महर्जनको सबैभन्दा ठूलो योगदान सम्भवतः आफ्ना सिर्जनाभन्दा पनि सङ्गीत सिकाउने अभियान हो । उहाँले २०३५ सालदेखि अनौपचारिक रूपमा सङ्गीत प्रशिक्षण दिन सुरु गर्नुभयो । त्यसलाई संस्थागत बनाउन २०४५ सालमा मकवानपुर सांस्कृतिक केन्द्र स्थापना भयो । त्यसअन्तर्गत सङ्गीत विभाग गठन गरी नियमित प्रशिक्षण सुरु गरियो ।

त्यसपछि हेटौँडा मात्र होइन, कमाने, नागसोती, चौघडा, बस्तीपुर, भीमफेदी, अमलेखगञ्ज, पशुपतिनगरलगायत क्षेत्रबाट विद्यार्थीहरू सङ्गीत सिक्न आउन थाले । महर्जनका अनुसार, दुई सयभन्दा बढी सङ्गीतकर्मी उहाँको प्रशिक्षणबाट तयार भएका छन्, जो अहिले देशका विभिन्न क्षेत्रमा सक्रिय छन् ।

सङ्गीतकार मात्र होइन, महर्जन विभिन्न सांस्कृतिक संस्थाका नेतृत्वकर्ता पनि रहनुभएको छ । उहाँ २०५६ सालदेखि करिब साढे चार वर्ष भानुकला केन्द्रमा सङ्गीत प्रबन्धक रहनुभयो । विसं २०६४ मा पोखरास्थित डाँफे कला मन्दिरमा वाद्यवादकका रूपमा पनि काम गर्नुभयो ।

यसबीच उहाँ हेटौँडा मोडल चारपाते क्लब, मुर्छना सङ्गीत समूह, सङ्गत समाज मकवानपुरलगायत संस्थाको अध्यक्ष बन्नुभयो । राष्ट्रिय कलापरिषद् तथा भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठानजस्ता संस्थामा उहाँले सल्लाहकारको भूमिका निर्वाह गर्नुभएको छ ।

सांस्कृतिक क्षेत्रमा मात्रै होइन, ज्येष्ठ नागरिकका अधिकारका पक्षमा पनि उहाँ सक्रिय हुनुहुन्छ । हाल उहाँ ज्येष्ठ नागरिक वडा मञ्च, हेटौँडा-२ का संयोजक हुनुहुन्छ ।

लामो साङ्गीतिक योगदानको सम्मानस्वरूप महर्जनले विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्नुभएको छ । विसं २०५५ मा उहाँ मकवानपुर सङ्गीत प्रतिभा पुरस्कारबाट सम्मानित हुनुभयो । त्यसपछि नित्य गोविन्द स्मृति सङ्गीत पुरस्कार, कमला भवानी सङ्गीत पुरस्कार, 'मकवानपुर श्री' सम्मानलगायत विभिन्न प्रतिष्ठित सम्मान प्राप्त गर्नुभएको छ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानदेखि विभिन्न साहित्यिक तथा सांस्कृतिक संस्थाले उहाँको योगदानको कदर गरेका छन् ।

रेडियो नेपालदेखि एल्बमसम्म

महर्जनका सिर्जनाले रेडियो नेपालदेखि साङ्गीतिक एल्बमसम्म स्थान पाएका छन् । विसं २०५६ मा मनहरि थापाको स्वरमा 'जिन्दगी लिएर के गरौँ' गीत रेडियो नेपालबाट रेकर्ड भयो । त्यसपछि उहाँको एकल सङ्गीत एल्बम 'अभिलाषा' पलायो ।

उहाँका शब्द तथा सङ्गीतमा तुलुक लामाको स्वर रहेको 'लाग्छ तिमीले मलाई', राजेश मानन्धरको स्वरमा रहेको 'सपनीमा हैन बिपनीमा मेरो', शम्भुप्रसाद बास्कोटा तथा घनश्याम ढकालले गाएका 'जिन्दगी नै एक खेल हो' र 'जुनेली रातमा को होला'लगायतका गीतले पनि स्रोतामाझ स्थान बनाएका छन् । उहाँको गीत तथा भक्ति सङ्गीतको सङ्ग्रह 'साङ्गीतिक अनुभूति' समेत प्रकाशित भइसकेको छ ।

अहिले पनि महर्जन विश्राममा बस्नुभएको छैन । उहाँ हाल पिएम सेन्टर सङ्गीत विभागका अध्यक्षका रूपमा सक्रिय हुनुहुन्छ । विभागमार्फत भक्ति सङ्गीतको संरक्षण, सङ्गीतकर्मीबीच एकता र नयाँ पुस्तालाई प्रशिक्षण दिने अभियान सञ्चालन भइरहेको छ ।

विभागका महासचिव तथा कार्यक्रम संयोजक गहन खतिवडाका अनुसार, हरेक शनिबार अपराह्न ४:०० बजे हेटौँडाको भुवनेश्वर पशुपति मन्दिर परिसरमा चर्चित कलाकारहरूको सहभागितामा नियमित भक्ति सङ्गीत कार्यक्रम आयोजना गरिन्छ । यस अभियानको उद्देश्य केवल सङ्गीत प्रस्तुत गर्नु मात्र होइन, धार्मिकस्थलमा साङ्गीतिक वातावरण सिर्जना गर्दै आध्यात्मिक जागरण, सामाजिक सद्भाव र सांस्कृतिक संरक्षणलाई प्रवर्द्धन गर्नु पनि हो ।

सात दशकको जीवनमा पाँच दशकभन्दा लामो साङ्गीतिक साधना, सयौँ शिष्य, सयौँ सिर्जना र दर्जनौँ सम्मान, यी सबैले महर्जनलाई मकवानपुरको सांगीतिक इतिहासमा एक संस्थाका रूपमा स्थापित गरेका छन् ।

उहाँको यात्रा एउटा कलाकारको व्यक्तिगत सफलताको कथा मात्र होइन, सङ्गीतलाई पुस्तान्तरण गर्ने, समाजलाई संस्कृतिसँग जोड्ने र स्थानीय सङ्गीतलाई जीवन्त राख्ने अभियानको कथा पनि हो । आज पनि उहाँको हार्मोनियमका सुरहरू हेटौँडाको साङ्गीतिक भविष्यलाई नयाँ पुस्तासम्म पुऱ्याइरहेका छन् ।

## करेसाबारीबाट रस्टी-स्पटेड क्याट संरक्षणको प्रयास

काठमाडौँ । विश्वकै सबैभन्दा सानो जङ्गली बिरालो 'रस्टी-स्पटेड क्याट' अर्थात् खिया थोप्ले बिरालोको संरक्षणलाई स्थानीय समुदायको जीविकोपार्जनसँग जोड्ने उद्देश्यले बर्दियामा 'एक घर, एक करेसाबारी' कार्यक्रम सञ्चालन गरिएको छ ।

ठाकुरबाबा नगरपालिका-९, खुशालपुरमा आयोजित कार्यक्रममा १४ जना स्थानीय सहभागी भएका थिए । उनीहरूलाई प्राङ्गारिक तरकारी खेती, कम्पोस्ट मल निर्माण, माटो व्यवस्थापन तथा दिगो कृषि अभ्याससम्बन्धी एकदिने तालिम प्रदान गरिएको थियो । तालिमपछि प्रत्येक सहभागीलाई कृषि औजार र मौसमी तरकारीका बीउबिजन पनि वितरण गरिएको आयोजकले जनाएको छ । 'स्मल वाइल्ड क्याट कन्जर्भेसन फाउन्डेसन', मोहम्मद बिन जायेद स्पिसिज कन्जर्भेसन फन्ड र 'रस्टी-स्पटेड क्याट वर्किङ ग्रुप बर्दिया'को सहयोगमा सञ्चालन गरिएको हो । कार्यक्रमको संयोजन रामजन चौधरीले गर्नुभएको थियो भने पशुचिकित्सक अशिष चौधरीले प्रशिक्षण दिनुभएको थियो । आयोजकका अनुसार घरघरमा करेसाबारीको विकास भए वनजन्य स्रोतमा निर्भरता घट्ने, वन क्षेत्रमा मानव चाप कम हुने र त्यसबाट वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसले वन डढेलोको जोखिम घटाउन, अवैध सिकार न्यूनीकरण गर्न तथा रस्टी-स्पटेड क्याटका आहारा प्रजातिको संरक्षणमा सकारात्मक योगदान पुग्ने विश्वास गरिएको छ ।

## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघि:**

- **स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,**
- **खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,**
- **घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,**
- **आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,**
- **जोखिममा परेका बालबालिका, बृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं ।**

**बाढी/पहिरो आएमा:**

- **अनावश्यक हिंडडुल नगरौं,**
- **सुरक्षित स्थानतर्फ जाऔं,**
- **बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,**
- **खोलानाला सुरक्षित तवरले तरौं,**
- **अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,**
- **घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

# बाँके निकुञ्ज आउने पर्यटकको संख्या वृद्धि

नेपालगन्ज । बाँके राष्ट्रिय निकुञ्जमा आउने पर्यटकको सङ्ख्या डेढगुणाले वृद्धि भएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले पाटेबाघसहित अन्य वन्यजन्तु अवलोकनका लागि गत आर्थिक वर्ष २०८२/८३ मा एक हजार ४६६ जना पर्यटक यहाँ आएका जानकारी दिनुभयो।

उहाँले अघिल्लो आव २०८१/८२ मा ६२० जना पर्यटकले मात्र अवलोकन गरेकामा आव २०८०/८१ मा ४४४ जना पर्यटकले निकुञ्जको अवलोकन गरेका उल्लेख गर्नुभयो। "पर्यटकको आगमन बढ्नु यस क्षेत्रको अर्थतन्त्र चलायमान हुनु हो। तर, सरोकार भएका निकायले पर्यटन प्रवर्द्धनमा योजना बनाई प्रभावकारी कार्यान्वयन गरेमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन अझै बढ्न सक्छ", उहाँले भन्नुभयो। प्रमुख संरक्षण अधिकृत कँडेलले निकुञ्जमा पर्यटकको सङ्ख्या चार हजार पुऱ्याउने लक्ष्य लिइएको उल्लेख गर्दै अर्को वर्ष लक्ष्य हासिल हुने दाबी गर्नुभयो। निकुञ्जभित्र पर्या-पर्यटनको प्रचुर सम्भावना भएका कारण आन्तरिक तथा बाह्य पर्यटकले मनोरञ्जनका लागि भरपुर लाभ लिनसक्ने औँल्याउँदै उहाँले 'इकोलोजिकल टुरिजम'मा जोड दिइएको बताउनुभयो।

पर्यटनका लागि होमस्टे (घरबास) तथा होटल व्यवसायीमा लगानी बढाउन आग्रह गर्दै कँडेलले बाँके र बर्दिया कम्प्लेक्स प्रमुख 'टाइगर कन्जरभेसन युनिट' भएको जानकारी दिनुभयो। वातावरण तथा ग्रामीण विकास केन्द्र, बाँकेका प्रमुख धर्म रोकायले सबै सरोकार भएका निकायको पहलबाट पर्यटन प्रवर्द्धन गर्न सम्भव भएको उल्लेख गर्दै उहाँले पर्यटन प्रवर्द्धन सबैको साझा दायित्व भएकाले आपसी सहकार्य र समन्वयमार्फत पूर्वाधार विकास र प्रचारप्रसार गर्नुपर्नेमा जोड दिनुभयो। पर्यटन व्यवसायी देवानन्द अर्यालले निकुञ्जमा पर्यटन भित्र्याउन विशेष प्याकेजसहित भ्रमण वर्ष घोषणा गर्न आग्रह गर्दै पर्यटकलाई कम्तीमा ५० प्रतिशत छुट दिन आग्रह गर्नुभयो। बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य सुरेश चौधरीले बाँके निकुञ्जलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा चिनाउन प्रचारप्रसार र पर्यटनसम्बन्धी गतिविधि बढाउनुपर्नेमा जोड दिनुभयो। बाँके निकुञ्जमा अहिले २५ वटा वयस्क पाटेबाघसहित चितुवा र अन्य वन्यजन्तुको सङ्ख्यामा वृद्धि भएको छ। यहाँ ३४ प्रजातिका स्तनधारी, २७६ प्रजातिका चरा, २४ प्रजातिका सरिसृप, नौ प्रजातिका उभयचर र ५५ प्रजातिका माछा गरी कुल ४२२ प्रजातिका प्राणी पाइन्छन्। विसं २०६७ असार २८ गते स्थापित यो निकुञ्ज नेपालगन्ज विमानस्थलबाट करिब १६ किमीको दूरीमा रहेको छ।

# लागुऔषधसहित पाँच जना पक्राउ

विराटनगर। कोशी प्रदेश प्रहरी कार्यालयले झापा, मोरङ र सुनसरी जिल्लाका विभिन्न स्थानबाट लागुऔषधसहित पाँच जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान सुरु गरेको छ।

इलाका प्रहरी कार्यालय काकँरभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकँरभिट्टाको संयुक्त प्रहरी टोलीले झापाको अर्जुनधारा नगरपालिका-११ का २१ वर्षीय विवेक जवेगुलाई छ ग्राम ५०० मिलिग्राम लागुऔषध ब्राउनसुगर र प्र १-०१-०१३ प ५२ नं को मोटरसाइकलसहित नियन्त्रणमा लिएको कार्यालयका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले जानकारी दिनुभयो।

वडा प्रहरी कार्यालय भद्रपुर झापाले अर्जुनधारा-९ का २२ वर्षीय अरमान खानलाई दुई ग्राम चार मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएको छ। यसैगरी, अस्थायी प्रहरीचौकी डाम्राभिट्टाले रतुवामाई नगरपालिका-८ का २९ वर्षीय मोहन बास्कीलाई २२० मिलिग्राम ब्राउनसुगर र प्रहरीचौकी रमाइलोले बेलबारी नगरपालिका-११ का २९ वर्षीय रणध्वज राईलाई छ ग्राम ३८० मिलिग्राम ब्राउनसुगर र प्र१-०२-०४४ प१९८ नं को मोटरसाइकलसहित नियन्त्रणमा लिएको हो।

प्रहरीचौकी नरसिंहटप्पु सुनसरीले साउन ९ गते साँझ धनकुटा-१ घर भई हाल इटहरी उपमहानगरपालिका-४ मा कोठा भाडामा बस्दै आएका ३५ वर्षीय मनबहादुर थापालाई १०८ ग्राम ३० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको छ। पक्राउ परेका सबै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रवक्ता थापाले जानकारी दिनुभयो।

# स्वरूप परिवर्तन गरिएका मोटरसाइकल नियन्त्रणमा लिइँदै

गण्डकी। स्वरुप परिवर्तन गरी ध्वनि प्रदूषण गर्ने मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय कास्कीले नियन्त्रणमा लिन थालेको छ।

'अप्रेसन ३६५' अन्तर्गत समाजमा ध्वनि प्रदूषण गर्ने, त्रासित बनाउने र जाँचका क्रममा प्रहरीसँग वादविवाद गर्ने मोटरसाइकल चालकलाई नियन्त्रणमा लिई कारबाही गर्न थालिएको हो।

गएराति पोखराका विभिन्न स्थानबाट त्यस्ता १४ वटा मोटरसाइकल नियन्त्रणमा लिइ कानुनी कारबाहीको दायरामा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीले स्वरूप परिवर्तन गरी ध्वनि प्रदूषण गरेको आरोपमा यही साउन ७ गते ३३ र ६ गते १८ मोटरसाइकललाई नियन्त्रणमा लिइ कारबाही गरेको थियो।

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा सुरु गरेको 'अप्रेसन ३६५'का क्रममा हालसम्म ७९८ वटा सवारीसाधन र ३६ जना चालकलाई कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताउनुभयो।

मोटरसाइकलका पार्टपुर्जा फेरेर स्वरूप परिवर्तन गर्ने, साइलेन्सरबाट चर्को र पड्किने आवाज निकाल्ने, रातका समयमा ध्वनि प्रदूषण गर्ने, समाजको शान्ति सुव्यवस्था खलबलाउनेजस्ता गतिविधि भइरहेको जनगुनासो बढेपछि प्रहरीले यस्ता गतिविधिलाई नियन्त्रणमा लिन गत वर्षदेखि 'अप्रेसन ३६५' सञ्चालन गरेको थियो। स्वीकृति नलिइ सवारीसाधनको साइलेन्सर, सिट, रङ, स्वरूप, नम्बर प्लेट, लुकिङ ग्लास, सक, ह्याण्डल, इञ्जिन, चेसिसमा परिवर्तन गर्ने वा ध्वनि प्रदूषण हुने खालका पार्टपुर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम रु १५ हजारसम्म जरिवाना हुने व्यवस्था छ।

प्रहरीले मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल देखिएमा नजिकको प्रहरी कार्यालयमा खबर गर्न अनुरोध गरेको छ। सूचना दिने व्यक्तिको गोपनीयता कायम राखिने जनाइएको छ।

# भारत सरकारको सहयोगमा बन्न लागेको विद्यालय शिलान्यास

महेन्द्रनगर। कञ्चनपुरको भीमदत्त नगरपालिका-१० स्थित महेश्वर माध्यमिक विद्यालयको भवन आइतबार शिलान्यास गरिएको छ। भारत सरकारको सहयोगमा निर्माण हुन लागेको विद्यालय भवन एक कार्यक्रमका बीच भारतीय राजदूतावासका प्रथम सचिव वशिष्ट नन्दन र भीमदत्त नगरपालिकाका उपप्रमुख नीलमलेखक जोशीले संयुक्त रूपमा शिलान्यास गर्नुभयो।

शिलान्यस कार्यक्रममा दूतावास का प्रथम सचिव नन्दनले दूतावासले शिक्षा र स्वास्थ्यका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको बताउनुभयो। "हामी अझै पनि आवश्यकता भएको ठाउँमा शिक्षा, स्वास्थ्य, एम्बुलेन्स लगायत क्षेत्रमा सहयोग गर्नेछौँ", उहाँले भन्नुभयो। नगर उपप्रमुख जोशीले विद्यार्थीलाई पठनपाठनमा समस्या भएका विद्यालयमा पुनःभौतिक संरचना निर्माणमा सहयोगको अपेक्षा व्यक्त गर्नुभयो।

"भौतिक संरचना जीर्ण भएर अध्यापनमा समस्या भइरहेका विद्यालयमा सहयोगका लागि आग्रहसमेत गरेका छौँ", उहाँले भन्नुभयो, "भारत सरकारले प्रदान गर्दै आएको विकास सहयोगको प्रशंसा गर्दछु।" त्यसैगरी, विद्यालयका प्राधानाध्याक जनकराज जोशीले भारतीय सरकारको रु दुई करोड ३९ लाख लगानीमा तीनतले विद्यालय भवन निर्माण हुने जानकारी दिनुभयो।

"हामीले दुई वर्षअघिदेखि विद्यालय भवन निर्माणका लागि पहल अघि बढाएका थियौँ", उहाँले भन्नुभयो, "कक्षाकोठा र शौचालयसहित बन्ने भवनले हामीलाई अध्यापनमा निकै सहज हुनेछ।"

# निर्मला पन्त प्रकरणका आठ वर्ष पूराः अनुसन्धान अधुरै

महेन्द्रनगर। कञ्चनपुरको भीमदत्त नगरपालिका-२ की १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको प्रकरण आठ वर्ष पुगिसक्दा पनि प्रहरीको अनुसन्धान पूरा हुन सकेको छैन्। आठ वर्षअघि आजकै दिन (२०७५ साउन १०) निर्मलाको बलात्कारपछि हत्या गरिएको अवस्थामा शव निम्बुखेडाको उखुबारीमा भेटिएको थियो।

राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमै चासोको विषय बनेको निर्मला प्रकरणमा प्रहरी संयन्त्र निरन्तर अनुसन्धानमा रहे पनि हत्यारा नजिक पुग्न सकेको छैन। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका साथै प्रहरीको माथिल्लो तहबाट प्रहरी वरिष्ठ उपरीक्षकको नेतृत्वमा टोली अझै पनि घटनामा विभिन्न कोणबाट अनुसन्धानरत छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले निर्मला प्रकरणमा प्रहरीको अनुसन्धान जारी रहेको बताउनुभयो। "यो प्रकरणमा प्रहरी सङ्गठनले सघन रुपमा लामो समयदेखि अनुसन्धान गर्दैछ", प्रवक्ता रावतले भन्नुभयो, "प्रहरी प्रधान कार्यालय र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोबाट पनि गम्भीर चासोका साथ विभिन्न कोणबाट अनुसन्धान जारी छ।" हरेकजसो सरकार गठन हुँदा निर्मलाको न्यायका लागि आवाज उठाउँदै आएको प्रकरण पनि हो। निर्मला प्रकरणले उग्ररुप लिँदा महेन्द्रनगरमा आन्दोलनमा प्रहरीको गोली लागेर भीमदत्त नगरपालिका-१८ भगतपुरका सन्नी खुनाले ज्यान गुमाएका थिए।

सयौँ व्यक्ति अनुसन्धानको घेरामा ल्याएको प्रहरीभित्र पनि डिएनए परीक्षणदेखि सुरक्षाकर्मीसमेत अनुसन्धान मा तानिएका थिए। माथिल्लो तहबाट छानबिन समिति गठन हुनेदेखि राज्यले गम्भीर भएर घटनाको अनुसन्धान जारी राखेको भए पनि अभियुक्तको पहिचान गरी कानूनी दायरामा ल्याउन भने आठ वर्ष बित्दा समेत सकिएको छैन।

# नारायणी अस्पतालको आकस्मिक सेवा बन्द

वीरगञ्ज। चिकित्सकमाथि कुटपिट भएको घटनाको विरोधमा यहाँस्थित नारायणी अस्पतालको आकस्मिक सेवा गरिएको छ।

आकस्मिक कक्षमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले आफूहरूमाथि शनिबार कुटपिटको भएको भन्दै विरोध जनाएपछि आइतबारदेखि आकस्मिक सेवा बन्द गभएको हो। आकस्मिक सेवा बन्द हुँदा बिरामी प्रभावित भएका हुन्। अस्पताल स्रोतका अनुसार चिकित्सकले आकस्मिक कक्षमा काम गर्ने सुरक्षित वातावरण नरहेको भन्दै सेवा बन्द गरेका हुन्। शनिबार वीरगञ्ज महानगर पालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको उपचारका क्रममा मृत्यु भएपछि निजका परिवारका सदस्य तथा आफन्तले उपचारमा लापरवाही भएको आरोप लगाउँदै आकस्मिक कक्षमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राम गम्भीर घाइते हुनुभएको थियो। उहाँको सोही अस्पतालकै सघन उपचार कक्ष (आइसियु)मा उपचार भइरहेको छ।

यसैबीच, नेपाल चिकित्सक सङ्घले आज विज्ञप्ति जारी गरी वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राममाथि भएको आक्रमणका दोषीलाई कानुनबमोजिम कारबाही गर्नुपर्ने माग गरेको छ। सङ्घले मेडिकल अफिसर डा राममाथि शनिबार बेलुका ४०-५० जनाको अनियन्त्रित समूहले मरणासन्न हुनेगरी साङ्घातिक आक्रमण गरेको जनाउँदै उक्त घटनाको भर्त्सना गर्दै कानुनबमोजिम कारबाहीको माग गरेको हो।

# पार्टी एकता सहमतिउन्मुखः सभापति थापा

काठमाडौँ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी एकता सहमतिउन्मुख रहेको बताउनुभएको छ।

पार्टी एकताका लागि दबाब दिन नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गाना नेतृत्वको कांग्रेस समर्थित स्थानीय तहका जनप्रतिनिधिसँग आइतबार भएको भेटमा उहाँले पार्टी एकता सहमतिउन्मुख दिशामा रहेको बताउनुभएको हो।

सभापति थापाले वर्तमान चुनौती सामना गर्नका लागि पनि पार्टी एकता अपरिहार्य रहेको भन्दै एकतामा असर पर्ने कार्य नगर्न सबैसँग आग्रह गर्नुभएको दबाब अभियानका संयोजक ढुङ्गानाले जानकारी दिनुभयो।

सभापति थापाले पार्टी एकताका लागि दबाब अभियानले यही साउन १६ मा आयोजना गर्न लागेको राष्ट्रिय भेलासमेत स्थगित गर्न आग्रह गर्नुभएको थियो। उहाँले असन्तुष्ट नेताहरूसँग कार्यदल बनाएर सुष्मरूपले सहमतिको खाका बनाउन दुई जना सदस्यको नाम मागिएको र चार सदस्यीय कार्यदल एक-दुई दिनभित्र बन्ने जानकारीसमेत गर ाउनुभएको कागेश्वरी मनोहरा नगर पालिकाका नगरप्रमुख उपेन्द्र कार्कीले जानकारी दिनुभयो।



भेटका क्रममा स्थानीय तहका जनप्रतिनिधिले पार्टी एकताबिना गाउँमा जनतालाई आशावादी बनाउन नसकिने र पार्टीको साख फर्काउन नसकिने बताउनु भएको थियो। उहाँहरूले तत्काल पार्टी एकता गरेर आमजनतामा विश्वासको वातावरण बनाउनुपर्नेमा जोड दिइएको भेटमा सहभागी शारदा नगरपालिकाका नगरप्रमुख प्रकाश भण्डारीले जानकारी दिनुभयो।

सभापति थापाले पार्टी एकता सहमतिमा भई कांग्रेस एक हुनेमा आश्वस्त तुल्याउनुभएको तिलागुफा नगरपालिकाका नगरप्रमुख शङ्कर उपाध्यायले जानकारी दिनुभयो। "हाम्रो खबरदारी जारी रहन्छ, भेला के गर्ने भन्नेबारे साथीहरू थप छलफल गरेर निर्णय गर्छौं", कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख कार्कीले भन्नुभयो। आइतबार भएको भेटमा हलेसी नगर पालिकाका नगरप्रमुख विमला राई, चरिकोट नगरपालिकाका नगरप्रमुख लवश्री न्यौपाने, कागेश्वरी मनोहराका नगर प्रमुख कार्की, तिलागुफाका नगरप्रमुख उपाध्याय, शारदा नगरपालिकाका नगर प्रमुख भण्डारी, तारकेश्वर नगर पालिकाका नगरप्रमुख कृष्णहरि महर्जन, दबाब अभियान प्रचारप्रसार समितिका संयोजक सरोज अधिकारीलगायतको सहभागिता थियो।

# लागुऔषधसहित दुई जना नियन्त्रणमा

वीरगञ्ज। जिल्ला प्रहरी कार्यालयले आइतबार लागुऔषधसहित दुई जनालाई नियन्त्रणमा लिएको छ। वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकस्थित जय नेपाल होटलको कोठा नं ११८ मा लागुऔषध बिक्रीवितरण भइरहेको सूचनाका आधारमा प्रहरीले दुई जनालाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता चक्रबहादुर मल्लले जिल्ला प्रहरी कार्यालय मातहत प्रहरी चौकी इनरुवा र लागुऔषध नियन्त्रण ब्युरो पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले उक्त होटलको कोठामा कानुनबमोजिम खानतलासी गर्दा एनआईटिसी-१० लेखिएको २० पत्तामा २०० थान ट्याबलेट र ओएनआरइएक्स लेखेको १०० मिलीग्रामका दुई बोतल लागुऔषध फेला परेको जानकारी दिनुभयो।



उक्त लागुऔषध बिक्रीवितरण कार्यमा संलग्न चितवनस्थित रत्ननगर नगर पालिका-६ बस्ने ५२ वर्षीय उत्तमकुमार पाठक र पर्सास्थित वीरगञ्ज महानगर पालिका-२ का ३५ वर्षीय ओसिम ठकुराईलाई लागुऔषधसहित नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## प्रश्नपत्र चुहावटः यसरी सम्भव भयो २४ घण्टाभित्रै आरोपित पक्राउ

काठमाडौं । त्रिभुवन विश्वविद्यालय (त्रिवि) व्यवस्थापन सङ्कायअन्तर्गत स्नातकोत्तर (एमबिएस) प्रथम सेमेस्टरको परीक्षा सुरु भएको छ मिनेटमै ह्वाट्सएप ग्रुपबाट प्रश्नपत्र बाहिरियो । हजारभन्दा बढी सदस्य रहेको MBS 1st Sem Section नामको ह्वाट्सएप ग्रुपमा प्रश्नपत्रको एक मात्र पोष्ट भएन, 'सर सोलुसन पनि पठाइदिनु न' भन्दै उत्तरको मोलमोलाइ र लेनदेनसमेत सुरु भयो ।

परीक्षाको मर्यादा, शैक्षिक विश्वसनीयता र हजारौं होनहार विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने यो घटना बाहिरिनेबित्तिकै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले यसलाई सामान्य ढिलासुस्तीमा छाडेनन् ।

घटना सार्वजनिक हुनासाथ उहाँको 'र्‍यापिड एक्सन' (तत्काल कदम)कै कारण २४ घण्टा नबित्दै घटनामा संलग्न मुख्य आरोपितहरूलाई प्रहरीले नियन्त्रणमा लियो ।

यही साउन ८ गते परीक्षा सुरु भएको केही मिनेटभित्रै ह्वाट्सएप ग्रुपमा प्रश्नपत्र छ्यापछ्याप्ती भयो । ग्रुपमा 'सुलव सर' नाम गरेका व्यक्तिले प्रश्नपत्र पठाउँदै 'इको (अर्थशास्त्र) को पनि दिन्छु, राम्रोसँग हेर्नुहोला' भन्दै विद्यार्थीलाई विश्वस्त पारिरहेका थिए । परीक्षा चलिरहेकै समयमा मोबाइलको प्रयोग र प्रविधिको दुरुपयोग गरी सङ्गठित रूपमा प्रश्नपत्र 'लिक' गराउने गिरोह सक्रिय रहेको पुष्टि भएपछि चौतर्फी आक्रोश उत्पन्न भयो ।

प्रविधिको प्रयोग गरेर गराइएको यो अपराधलाई कारबाहीको दायरामा ल्याउन शिक्षामन्त्री पोखरेलले तत्कालै प्रहरी नेतृत्वसँग समन्वय गर्नुभयो । उहाँले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई फोन गरी केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र साइबर ब्युरोलाई २४सै घण्टा परिचालन गर्न निर्देशन दिनुभयो ।

मन्त्री पोखरेलको निर्देशन र 'जिरो टोलरेन्स' नीतिका कारण प्रहरीको प्राविधिक टोलीले डिजिटल फुटप्रिन्ट र ह्वाट्सएप ग्रुपको सूक्ष्म विश्लेषण गर्‍यो । नतिजास्वरुप २४ घण्टाभित्रै प्रश्नपत्र लिक गराउने मुख्य सूत्रधार भनिएका 'सुलव सर'सहित स्किनसटमा नाम देखिएका अर्का एक जनालाई प्रहरीले पक्राउ गर्न सफल भयो ।

शिक्षामन्त्री पोखरेल भन्नुहुन्छ, 'शैक्षिक अपराधमा कसैलाई छुट छैन'

घटनापछि मन्त्री पोखरेलले विश्वविद्यालय र शैक्षिक प्रणालीलाई स्वच्छ बनाउने आफ्नो प्रतिबद्धता दोहोर्‍याउनुभयो । उहाँले त्रिविको परीक्षा प्रणालीमा देखिएको यो विकृतिविरुद्ध कडा कदम चाल्ने स्पष्ट पार्नुभयो । मन्त्री पोखरेलले परीक्षा सञ्चालन र प्रश्नपत्रको सुरक्षामा लापरबाही गर्ने विश्वविद्यालयका आन्तरिक संयन्त्रमाथि पनि छानबिन गरिने र दोषी पाइए जोसुकै भए पनि कारबाहीको दायरामा ल्याइने बताउनुभयो ।

त्रिविद्वारा छानबिन समिति गठन

यसैक्रममा त्रिवि व्यवस्थापन सङ्कायको डीन कार्यालयले पनि शिक्षामन्त्री पोखरेलको निर्देशनमा घटनाको गाम्भीर्यता लाई ध्यानमा राख्दै प्रा डा अच्युत ज्ञवालीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ । समितिले परीक्षा केन्द्रको सुरक्षा चुस्तता, प्रश्नपत्र बाहिरिनुको आन्तरिक कारण र भविष्यमा यस्ता घटना दोहोरिन नदिने उपायबारे अध्ययन गरी प्रतिवेदन बुझाउनेछ ।

विगतमा विश्वविद्यालयमा प्रश्नपत्र बाहिरिँदा वा परीक्षामा धाँधली हुँदा छानबिन समितिमै कुरा अल्झिने र दोषी उम्किने परिपाटी थियो । यसपटक शिक्षामन्त्री पोखरेलको सक्रियता र प्रहरीको द्रुत कारबाहीले शैक्षिक क्षेत्रमा एउटा सकारात्मक र बलियो सन्देश दिएको छ शैक्षिक अपराधमा अब कानुनले कुनै मोलाहिजा गर्ने छैन ।

चौबिस घण्टाभित्रै आरोपित पक्राउ पर्नुले सरकार र शिक्षा मन्त्रालय शैक्षिक सुधार र सुशासनप्रति कतिको गम्भीर छ भन्ने कुराको पुष्टि गरेको छ ।

## फिर्केखोला संरक्षणमा चासो

गण्डकी । पोखरा महानगरपालिकाका-१८ अधेरीकुना हुँदै फेवाताल मिसिने फिर्केखोला संरक्षण तथा सौन्दर्यीकरण गर्न वातावरण संरक्षणका लागि महाअभियानले माग गरेको छ ।

पोखरामा आइतबार पत्रकार सम्मेलन गरी महाअभियानले फिर्केखोला खोलाघरमा निर्मित सबै संरचना हटाइ पैदलमार्ग र साइकल लेनसहितको फिर्केखोला करिडोर निर्माण गर्नुपर्नेमा जोड दिएको हो । महानगरपालिकाले फिर्केखोला खोलाघरका अतिक्रमित संरचना हटाउने कार्य स्थगन गरेकामा महाअभियानले ध्यानाकर्षण भएको जनाएको छ ।

महाअभियानका संयोजक राम बहादुर पौडेलले फिर्केखोलामा अतिक्रमण हटाउन महानगरपालिकाले लिएको पहल सकारात्मक भएपनि कतिपय संरचना अझै नहटनुमा महानगरपालिका र सम्बन्धित वडाको कमजोरी रहेको बताउनुभयो । बढ्दो अतिक्रमण, प्रदूषण, फोहरमैला व्यवस्थापन मा भएको कमजोरी, योजना विहीन सहरीकरण तथा नियमनमा भएको लापरबाहीले फिर्केखोलाको प्राकृतिक स्वरुप र अस्तित्वमाथि नै चुनौती थपिएको महाअभियानको ठहर छ । जैविक विविधता र पर्यावरणीय सन्तुलनका लागि फिर्केखोला लाई प्राकृतिक रुपमै बहन दिनुपर्नेमा जोड दिइएको छ ।

पोखरा-१८ अँधेरीकुनाबाट वडा नं. २, ४, ५, ८, ७, १७ र ६ हुँदै फिर्केखोला फेवातालमा मिसिन्छ । महाअभियानले वडा नं. ४, ५, ८ र ७ स्थित फिर्केखोला खोलाघरमा विभिन्न संरचना हटाउन बाँकी रहेकाले तिनलाई पूर्ण रुपमा हटाउन महानगरपालिकासँग माग गरेको छ ।

## एपिएफ स्कूलका लेखा अधिकृत गुरुङ र व्यवसायी लामा न्यायिक हिरासतमा

काठमाडौं । विशेष अदालतले सशस्त्र प्रहरी स्कूल कीर्तिपुरका लेखा अधिकृत कल्पना गुरुङ र एमडी एडभेन्चर टुर्स एण्ड ट्राभल्सका सञ्चालक लीलाबहादुर लामा तामाङलाई १० दिन न्यायिक हिरासतमा राखेर अनुसन्धान गर्न आदेश दिएको छ ।

विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले आज सो आदेश दिएको हो ।

सोही आदेश बमोजिम निजहरुलाई न्यायिक हिरासतमा राख्न पठाइएको विशेष अदालतले जनाएको छ । एपिएफ स्कूलको आर्थिक अपचलनसम्बन्धी विषयको अनुसन्धानका क्रममा सशस्त्र प्रहरी निरीक्षक गुरुङ र व्यवसायी लामालाई गत असार २० गते प्रहरीले पक्राउ गरेको थियो । जिल्ला सरकारी वकील कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको पत्रअनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र १७ ले निषेध गरेको भ्रष्टाचारको कसूर अपराधको अनुसन्धान गर्न यही साउन ८ गते निज आरोपीहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गरिएको थियो ।

## पूर्वाधारमा प्राविधिक त्रुटि र जल प्रवाह क्षेत्र अतिक्रमणले माइतीघर डुबान

काठमाडौं । माइतीघर मण्डला क्षेत्रमा वर्षायाममा डुबानको मुख्य कारण त्यस आसपास क्षेत्रको पूर्वाधार निर्माणको प्राविधिक त्रुटि, जल प्रवाह क्षेत्रको अतिक्रमण र प्राकृतिक जलशोषक क्षेत्रको विनाश रहेको पाइएको छ ।

झरीसँगै सो क्षेत्र डुबानमा पर्न थालेपछि यही साउन ५ गते काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलको नेतृत्वमा विकास साझेदार, सुविधा वितरण तथा सेवा व्यवस्थापनका क्षेत्रमा काम गर्ने निकायका प्रमुख तथा प्रतिनिधिसहितको टोलीले अनुगमन गरेको थियो ।

अनुगमनपछि कार्यवाहक प्रमुख डङ्गोलले सम्बन्धित कार्यालयका अधिकारीहरुको संयुक्त टोलीलाई प्राविधिक प्रतिवेदन पेश गर्न निर्देशन दिनुभएको थियो । उक्त निर्देशनपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रतिकार्य शाखा प्रमुख उपसचिव रामबहादुर केसी संयोजकत्वको समितिले आइतबार स्थलगत प्रतिवेदन तयार बुझाएको हो ।

प्रतिवेदनअनुसार माइतीघर मण्डला क्षेत्रको ढल निकास प्रणालीमा इन्जिनियरिङ त्रुटि देखिएको छ । माइतीघर क्षेत्रमा भित्रिने ढलको माथिल्लो भागमा ९० सेन्टिमिटरको ढल छ । यो ढल प्रणाली तल्लो भागमा पुगेपछि ६० सेन्टिमिटरमा साँघुरिएको छ । यसरी माथिल्लो भागबाट आउने पानीको चापलाई तल्लो भागको साँघुरो ढलले धान्न नसक्दा 'बोटलनेकिङ' को समस्या भई पानी सडकमा बाहिरिने गरेको सो प्रतिवेदनमा उल्लेख छ ।

यसबाहेक, टुकुचा खोलाको सतह बढेकाबेला ढलको पानी खोलामा जानुको साटो उल्टै बस्ती र सडकतिर फर्कने (ब्याक फ्लो) समस्याले गर्दा पनि माइतीघर जलमग्न हुने गरेको देखिएको छ । भौतिक पूर्वाधारबाहेक वातावरणीय र सहरी विकास तथा व्यवस्थापनका कारण प्रतिवेदनले डुबानको प्रमुख कडीका रूपमा औंल्याएको छ ।

विगतमा माइतीघर चोकसँगै जोडिएका खुला क्षेत्रहरूले 'प्राकृतिक जलाधार' को काम गर्थे । जसले वर्षाको पानीलाई जमिनमुनि सोस्ने गर्थ्यो । तर, अहिले ती क्षेत्रमा जिल्ला प्रहरी परिसर काठमाडौं र जिल्ला सरकारी वकिलको कार्यालयलगायत ठूला भवन निर्माण भएपछि जमिन कङ्क्रिटले ढाकियो । यसकारण पानी सोसिने प्राकृतिक प्रक्रिया बन्द भएको छ ।

यसले गर्दा सतहमा बग्ने पानीको मात्रा अत्यधिक बढ्न गई माइतीघर चोकमा सिधै केन्द्रित हुने गरेको प्राविधिक टोलीको निष्कर्ष छ ।

अतिक्रमणको समस्या पनि माइतीघर डुबानमा उत्तिकै जिम्मेवार देखिएको छ । अनुगमनका क्रममा कतिपय स्थानमा ढलमाथि नै व्यक्तिगत र सरकारी भवनका संरचना निर्माण भएका कारण नियमित सरसफाइमा अवरोध पुगेको पाइएको छ । ढलको पाइपभित्र प्लास्टिक जन्य फोहर, बोतल र ढुङ्गा-गिटी थुप्रिनुले पानीको बहावलाई थप रोकेको छ । यस समस्यालाई समाधान गर्न कार्यवाहक प्रमुख डङ्गोलले अनुगमनकै क्रममा स्थानीय प्रशासन र साझेदार निकायको सहकार्यमा सबै प्रकारका अवरोध हटाउन निर्देशन दिनुभएको थियो । प्रतिवेदनले तत्काल र दीर्घकालीन रूपमा चालिनुपर्ने कदम सिफारिस गरेको छ । तत्कालका लागि ढल निकास मार्गमा रहेका अवरोध हटाउने, म्यानहोलहरूको उचाइ बढाउने र नियमित सरसफाइ गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

दीर्घकालीन समाधानका रूपमा माइतीघर वा पुरानो स्वास्थ्य मन्त्रालय परिसरको सार्वजनिक जग्गाभित्र जमिनमुनि ठूलो क्षमताको पानी भण्डारण ट्याङ्की निर्माण गर्न सुझाव दिइएको छ । यसले वर्षाको पिक समयमा आउने पानीलाई केहीबेर भण्डारण गरेपछि बिस्तारै निकास दिन सहयोग पुग्नेछ ।

त्यस्तै, टुकुचा खोलाको निकास बिन्दुमा पानी फिर्ता हुन नदिने 'नन रिटर्न भल्भ' जडान गर्ने, समग्र उपत्यकाको ढल सञ्जालको जिआइएस म्यापिङ गर्ने र माइतीघर क्षेत्रको क्याचमेन्ट एरियाका आधारमा ढलको क्षमता पुनःडिजाइन गर्न प्रतिवेदनले जोड दिएको छ ।

## खुकुरीसहित आक्रमणको प्रयास गर्ने चार युवक पक्राउ

भद्रपुर । सामान्य फोन विवादले उग्र रूप लिंदा झापाको झापा गाउँपालिकामा खुकुरी र छुरीसहित एक युवकमाथि आक्रमणको प्रयास गरेको आरोपमा चार युवक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार शनिबार राति झापा गाउँपालिका-५ का २६ वर्षीय सुरेश हेमरममाथि आक्रमण गर्ने उद्देश्यले झापा गाउँपालिका-६ शरणामति चन्द्रबस्तीका २० वर्षीय आकाश मुर्मु आफ्ना तीन जना साथीसहित हेमरमको घर पुगेका थिए ।

मुर्मुसँगै १७ वर्षीय किरण कर्मकार, १९ वर्षीय लोकबहादुर बिक र १८ वर्षीय रोहन कर्मकार खुकुरी र छुरी बोकेर हेमरमको घरमा पुगेर घर घेरा हाल्दै ज्यान मार्ने धम्की दिएको प्रहरीले जनाएको छ । घटनापछि स्थानीयवासीले तत्काल प्रहरीलाई खबर गरेका थिए ।

सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कुमरखोदबाट प्रहरी नायब निरीक्षक चुक्तबहादुर विष्टको नेतृत्वमा तथा प्रहरी चौकी शरणामतिबाट प्रहरी सहायक निरीक्षक तीर्थबहादुर भण्डारीको नेतृत्वमा खटिएको टोलीले घटनास्थल पुगेर खुकुरी र छुरीसहित चारै जनालाई नियन्त्रणमा लिएको हो ।

प्रारम्भिक अनुसन्धानका क्रममा सुरेश हेमरम र आकाश मुर्मुबीच फोनमा भएको सामान्य विवादकै कारण मुर्मुले साथीहरुलाई साथमा लिएर हेमरमको घरमा पुगेर आक्रमणको प्रयास गरेको खुलेको प्रहरी नायब उपरीक्षक अवाले जानकारी दिनुभयो । पक्राउ परेका चारै जनालाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापा लगिएको छ ।

## एकीकृत भन्सार भवन सम्पन्न गर्न निर्देशन

काठमाडौं । गृहमन्त्री सुधन गुरुङले विगत आठ वर्षदेखि निर्माणाधीन रसुवागढीस्थित एकीकृत भन्सार कार्यालयको निर्माण कार्य छिटो सम्पन्न गर्न निर्देशन दिनुभएको छ ।

निरीक्षणका लागि यहाँ आउनु भएका गृहमन्त्री गुरुङले कामदारको सङ्ख्या बढाएर द्रुत रूपमा निर्माणको काम अगाडि बढाउन आग्रह गर्नुभयो । उहाँले ठेक्का लिएर आलटाल गरी बस्ने ठेकेदार कम्पनी र काममा तदारुकता नदेखाउने प्राविधिक वा अनुगमनकर्ता उपर कारबाही हुने बताउनुभयो । सुरूआतको आठ वर्ष बित्दा पनि निर्माणमा अत्यन्तै ढिलासुस्ती गरिरहेको अवस्थामा गृहमन्त्री गुरुङको निर्देशनले भवन समयमै बन्नेमा आशावादी रहेका स्थानीय बासिन्दाले बताएका छन् ।

रसुवागढी क्षेत्रको निरिक्षण पश्चात् गृहमन्त्री गुरुङले त्यस भेगमा खटिएका भन्सारका कर्मचारी एवं सुरक्षाकर्मीलाई निर्देशन दिँदै सिमाक्षेत्रको सुरक्षा मजबुद पार्न, सेवा प्रवाह छिटो छरितो तवरले सम्पादन गर्न आग्रह गर्नुभयो ।

गृहमन्त्री गुरुङको भ्रमणले यहाँ कार्यरत सुरक्षाकर्मीको मनोबल बढेको इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी निरीक्षक विक्रम कुवरले बताउनुभयो ।

## स्वास्थ्य, पर्यावरण र पर्यटनमा जोड दिइँदै

बागमती । 'साइक्लिङ'का माध्यमबाट हेटौंडामा विगत पाँच वर्षयता औपचारिक रूपमा सङ्गठित बन्दै क्रियाशील हिमालयन राइडर्स सोसाइटीले स्वास्थ्य, पर्यावरण र पर्यटनलाई जोड दिँदै आफ्ना गतिविधिलाई सक्रिय बनाउँदै आएको छ ।

विसं २०७८ मा संस्थागत रुप लिदै क्रियाशील बनेको संस्थाले यसबीचमा देशका विभिन्न पर्यटकीय गन्तव्यको पर्यटन प्रवर्द्धनका साथै सचेतनामूलक गतिविधि अघि बढाएको सोसाइटीका अध्यक्ष राजु थापामगरले जानकारी दिनुभयो । "हामी साइक्लिङका माध्यमबाट स्वास्थ्य, पर्यावरण र पर्यटनलाई विशेष योजनासहित प्रवर्द्धन गर्दै आएका छौं", उहाँले भन्नुभयो, "यिनै विषयलाई प्राथमिकतामा राख्दै हाम्रो अभियान निरन्तर अघि बढिरहेको छ ।"

संस्थाले यसबीचमा मेची-महाकाली अभियानसमेत सम्पन्न गरिसकेको बताउँदै सोसाइटीका अध्यक्ष थापामगरले यस अवधिमा देशका धेरै सम्भावनायुक्त पर्यटकीय गन्तव्यमा पुगी त्यहाँको पर्यटन प्रवर्द्धनमा योगदान दिइएको उल्लेख गर्नुभयो । स्वास्थ्य, पर्यटनसँगै पर्यावरणको रक्षा पनि उत्तिकै प्राथमिकतामा रहेको बताउँदै उहाँले यसै हप्ता हेटौंडा उपमहानगरपालिका-४ स्थित श्रमिक पार्कमा सोसाइटीका तर्फबाट बरको बिरुवा रोपिएको बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com